# श्री सर्वोच्च अदालतको

# सूचना

मितिः २०७४।०७।२४

नेपालको संविधानको धारा १३७ (१) बमोजिम संवैधानिक इजलास गठन भएको र सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम २३ (१) मा प्रधान न्यायाधीशले तोकेको दिनमा संवैधानिक इजलासबाट हेरिने मुद्दाको सुनुवाई गरिने व्यवस्था भए अनुरुप यस अदालतको संवैधानिक इजलासमा हप्ताको कुनै पनि दिन प्रधान न्यायाधीशबाट संवैधानिक इजलास गठन हुने र मुद्दाको सुनुवाई गर्न सकिने गरी मिति २०७२।१२।१२ मा निर्णय भएको थियो। सो अनुरुप हाल प्रत्येक हप्ताको शुक्रबार मात्र मुद्दाको सुनुवाई हुने गरी पेशी व्यवस्थापन हुँदै आएकोमा अब उप्रान्त शुक्रबारका अतिरिक्त हप्ताको मंगलबार र बुधबारसमेत संवैधानिक इजलासबाट मुद्दाको सुनुवाई हुने गरी दिन तोकिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

उप-रजिष्ट्रार

प्रशासन शाखा